संसारका श्रमीक तथा उत्पीडित जनता एक हौं ।

मार्क्सवाद-लेनिनवाद-माओवाद-जिन्दावाद ॥

# नेपाल कम्युनिष्ट पार्टी
# Communist Party of Nepal
## जिल्ला समिति, बाजुरा
## District Committee, Bajura

मितिः-२०७९/०५/०५

**विषयः भाद्र ७ गतेको नेपाल बन्दवारे ।**

उपरोक्त सम्बन्धमा शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले नेपाल कम्युनिस्ट पार्टीसंग भएको तीन बुँदे सहमति १९ महिना सम्म पनि कार्यान्वयन गरेको छैन । सहमति विपरीत अदालतले पार्टीका महासचिव विप्लव लगायत दर्जनौं नेताकार्यकर्ताहरुलाई पक्राउ पुर्जी जारी गर्दै देशमा फेरि द्वन्द्वको वातावरण सृजना गर्न राज्य र यसका निकायहरू उद्दत देखिन्छन् ।

नेपाली जनताको चाहना विपरीत mcc / spp जस्ता नेपाललाई शक्ति राष्ट्रहरुको रणमैदान बनाउने रणनीतिक उद्देश्य बोकेका राष्ट्रघाती सम्झौताहरु कार्यान्वयनमा गठबंधन सरकार जोडतोडकासाथ लागि परेको छ । देशमा व्याप्त आर्थिक मन्दी , आकासीदो महंगी,भ्रष्टाचार ,कालाबजारीले राष्ट्रिय उद्योग व्यवसाय धरासयी बन्दै उद्योगी व्यवसायी सडकमा निस्कनु पर्ने स्थिति छ भने सर्वसाधारण जनताको दैनिकी दयनीय बन्दैगइरहेको छ । देशमा व्याप्त समस्याहरूलाई बेवास्ता गर्दै गठबन्धन सरकार आफ्नो आयु लम्ब्याउने र राष्ट्रको ढुकुटी दोहन गर्ने निहित स्वार्थमा राष्ट्रघात र जनघातका कृतिमानहरु कायम गर्दैछ ।

गठबन्धन दलाल सरकारको राष्ट्रघाती,जनघाती हर्कतहरुको विरोध गरीरहेको नेपाल कम्युनिस्ट पार्टी र राष्ट्रवादी-जनवादी शक्तिहरु विरुद्ध गठबन्धन सरकारले राज्य आतंक सृजना गर्दै दमनको षडयन्त्र गरीरहेको छ । दलाल गठबंधन सरकारको राष्ट्रघाती,जनघाती र दमनकारी रवैयाका विरुद्ध हामी चार पार्टी नेपाल कम्युनिस्ट पार्टी ,नेपाल कम्युनिस्ट पार्टी वैज्ञानिक समाजवादी, नेपाल कम्युनिस्ट पार्टी माओवादी क्रान्तिकारी र नेपाल कम्युनिस्ट पार्टीले भाद्र ७ गते देशव्यापी आम हडतालको कार्यक्रम राखेका छौ जसलाई एक्यवद्धता जनाई सहयोग गरीदिनहुन उद्योगी- व्यवसायी ,सरकारी गैरसरकारी संघ संस्था ,यातायात व्यवसायी,शैक्षिक संस्था तथा आम देशभक्त राजनैतिक शक्ति र नागरिकहरुमा हार्दिक अपिल गर्दैछौं ।

क.एण्डीज
सचिव

**नोट : लामो दुरीका रात्रीकालिन यातायातका साधनहरु ६ गते साझ नछोडनहुन यातायात कंपनीहरुलाई अनुरोध पनि गर्दछौं ।**